# प्रदेशस्तरीय मदरसा शिक्षा व्यवस्थापन (तेस्रो संशोधन) कार्यविधि, २०८१

प्रस्तावनाः प्रदेशस्तरीय मदरसा शिक्षा व्यवस्थापन कार्यविधि, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ को अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रराम्भः (१) यस कार्यविधिको नाम **"प्रदेशस्तरीय मदरसा शिक्षा व्यवस्थापन (तेस्रो संशोधन) कार्यविधि, २०८१"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्तै प्रारम्भ हुनेछ ।

२. प्रदेशस्तरीय मदरसा शिक्षा व्यवस्थापन कार्यविधि,२०७६ को दफा ४ मा संशोधनः प्रदेशस्तरीय मदरसा शिक्षा व्यवस्थापन कार्यविधि,२०७६ दफा ४ को उपदफा (५) र (७) को सट्टा देहाय बमोजिम उपदफा (५) र (७) राखिएका छन्।

"(५) उपदफा (१) बमोजिमको समितिको उपाध्यक्षले नेपाल सरकारले तोकेको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृतले पाउने सुरू तलबमान सरह मासिक पारिश्रमिक र उपलब्ध भएसम्म प्रदेश सरकारका महाशाखा प्रमुखले पाउने सरह सवारी साधन, हलुका सवारी चालक र इन्धन सुविधा पाउनेछन्" ।

"(७)उपदफा (१) बमोजिमको समितिका उपाध्यक्ष र सदस्यको पारिश्रमिक भत्ता र सुविधा मन्त्रालय वा मातहतको कार्यालयको स्वीकृत बजेट बमोजिम व्यवस्था गर्नुपर्छ" ।

प्रदेश सचिव

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री